विकास सहकर्मी विष्टलाई सफलता । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-३४ ● २०७७ चैत्र ०२ गते सोमबार, ● 15 March. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## दुईवर्षपछि नेकपा एमाले थाहा नगरले कार्यालय खोल्यो

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को नगर कार्यालय उद्घाटन गरिएको छ । २९ फागुनमा आयोजित एक कार्यक्रमका बीच नेकपा एमालेका केन्द्रीय सदस्य सुभाषचन्द्र ठकुरीले एमाले थाहा नगर कमिटीको थानाबजारस्थित कार्यालय उद्घाटन गरेका हुन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले) लेखिएको बोर्ड अनावरण गरेर कार्यालय उद्घाटन गरिएको नेकपा एमाले नगर कमिटी सदस्य पुरुषोत्तम ढकालले बताए ।

सर्वोच्च अदालतको फैसलाबाट नेकपा एमाले र नेकपा माओवादी केन्द्र ब्युँतिएपछि थाहा नगरपालिकाको थानाबजारमा एमाले नगर कमिटीको कार्यालय खोलिएको हो । करिब तीन वर्षअघि नेकपा एमाले र माओवादी केन्द्रबीच एकता हुनु अघि पनि एमाले हटाएको थिएन ।

यसैबीच नेकपा एमाले थाहा नगर कमिटीको आयोजनामा २९फागुनमै थानाबजारमा प्रशिक्षणात्मक बैठक सम्पन्न भएको छ । एमाले नगर कमिटी अध्यक्ष अच्युत्तम प्रसाद ढकालको अध्यक्षतामा भएको बैठकमा सहभागी नगर कमिटीका पदाधिकारी तथा एमाले कार्यकर्ताहरूलाई केन्द्रीय सदस्य सुभाषचन्द्र ठकुरी, जिल्ला सचिबालय सदस्य एवम् थाहा नगर इन्चार्ज राजु नापित, जिल्ला सदस्य एवम् थाहा नगरपालिका संसदीय दलका प्रमुख शशिधर सुवेदीले प्रशिक्षणात्मक मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा एमाले जिल्ला सदस्यहरू बुद्धरत्न मानन्धर, बिमलकुमार ढकाल, सुरेन्द्रमान प्रधान, चित्रबहादुर बलामी, काजीमान थिङ लगायतको उपस्थिति रहेको थियो । बैठकले पार्टी निर्माण बारे विभिन्न निर्णयहरू गरेको एमाले नगर कमिटी सचिब कुमार नेगीले




थाहा नगर कमिटीको कार्यालय थानाबजारमै रहेको थियो । पार्टी एकतापछि नेकपा एमालेले आफ्नो नगर कार्यालय र बोर्ड हटाएको थियो भने नेकपा माओवादी केन्द्रले उसको शिखरकोटस्थित नगर कार्यालयमा राखिएको बोर्ड एकताको अढाई वर्षसम्म जानकारी दिए । बैठकमा गत पुस ५ गतेपछि प्रचण्ड-माधव समूहमा खुलेका नगर कमिटी सदस्यहरूको समेत उपस्थिति रहेको थियो ।

बैठकमा उनीहरूले थाहा नगरमा अब एमाले एक ढिक्का भएर अघि बढ्ने बताएका थिए ।

## उपाधि जनकल्याणकै पोल्टामा

### राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०७७

विकास संवाददाता
थाहा नगर

स्थानीय तह स्तरीय तेस्रो 'राष्टूपति रनिङ शिल्ड प्रतियोगिता'को उपाधि थाहा नगरपालिका वडा नम्बर ३ को जनकल्याण माविले हात पारेको छ ।




उपाधि चुम्दै जनकल्याण

जनकल्याणले १७ स्वर्णसहित थाहानगरका १४ विद्यालयलाई उछिन्दै उपाधि हासिल गरेको हो । प्रतियोगितामा जनकल्याणले १७ स्वर्ण, १२ रजत र ८ काश्य पदक पाएको छ । जनकल्याणले उपाधि हासिल गरेसंगै नगद २५ हजार शिल्ड मेडल तथा प्रमाणपत्र पाएको हो । यससंगै साविक विजेता जनकल्याणले राष्ट्रपति रनिङ शिल्ड आफ्नै बनाएको छ । यस विद्यालयले लगातार तीन वर्षसम्म प्रतियोगिता जितेको हो ।

प्रतियोगितामा बज्रवाराही मावि द्वितीय भएको छ । बज्रवाराही माविले ४ स्वर्ण, १ रजत र २ काश्य पाउन सफल भएको छ । यससंगै बज्रवाराही माविले नगद १५ हजार, मेडल तथा प्रमाण पत्र पाएको छ । थाहा-११ टिष्टुङको बागेश्वरी मावि तृतीय भएको छ । बागेश्वरीले ३ स्वर्ण, ७ रजत र ३ काश्य पदक हात पारेको छ । बागेश्वरीले नगद १० हजार मेडल तथा प्रमाणपत्र पाएको हो । त्यस्तै नाटेश्वर माविले ३ स्वर्ण, ३ रजत र १ काश्य पाएको छ भने पालुङको मत्स्यनारायण माविले २ स्वर्ण ४ रजत र ३ काश्य पदक पाएको आयोजक विद्यालयमा प्रधानाध्यापक कृष्ण प्रसाद लामिछानेले जानकारी दिए ।

प्रतियोगिता अन्तर्गत भएको मेयर कप छात्रा भलिबल प्रतियोगितामा जनकल्याण माविले स्वर्ण पदक पाएको छ । स्वर्ण पदक पाएसंगै जनकल्याणले नगद १५ हजार, मेडल तथा प्रमाणपत्र पाएको छ भने प्रतियोगितामा रजत पदक पाउन सफल मत्स्यनारायण माविले नगद १० हजार, मेडल र प्रमाणपत्र पाएको छ । काश्य पदक पाएको बज्रवाराही माविले नगद ५ हजार मेडल र प्रमाणपत्र पाएको छ । त्यस्तै मेयर कप छात्र भलिबलमा बज्रवाराही मावि‌लाई स्वर्ण, सुन्दरी देवी माविले रजत र स्वच्छन्द भैरव मावि चित्लाङले काश्य पदक पाएको छ । विजेताहरूले क्रमशः नगद १५, १० र ५ हजार तथा मेडल र प्रमाणपत्र पाएका छन् । छात्रा कबड्डी प्रतियोगितामा जनकल्याण माविले स्वर्ण, मत्स्यनारायण माविले रजत र झम्केश्री मावि तथा सुनौला माविले काश्य पदक पाए । छात्रतर्फ बज्रवाराही माविले सवर्ण, बागेश्वरी माविले रजत र तथा जनकल्याण र

बाँकी पेज ३ मा

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघ/संस्थाले गाउँगाउँमा डकर्मी, सिकर्मी तालिम दिइरहेका छन् । त्यस्ता तालिममा सहभागी भई सिप सिकौं, पुर्ननिर्माणमा योगदान गरौं । जीविकोपार्जनमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

विकास खबरपत्रिका साप्ताहिक — प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
२०७७ चैत्र ०२ गते सोमबार, 15 March. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com


# • सम्पादकीय •

## दीर्घकालिन खानेपानी व्यवस्थापनका लागि स्रोत संरक्षण आवश्यक

मुलुकमा दिनानुदिन बढ्दो शहरीकरणका कारण साना, ठूला सबै शहरहरुमा खानेपानीको समस्या दिनप्रतिदिन जटिल बन्दै गइरहेको छ । देशकै राजधानी काठमाडौंमा खानेपानीको समस्या भयावह छ । त्यसैगरी राजधानी बाहिरका साना उदीयमान शहरुहरुमा समेत खानेपानीको अभाव टड्कारो छ । फोहोर र विषाक्त पानी खाँदा विभिन्न किसिमका रोग लाग्ने भएकोले स्वच्छ र पिउनयोग्य पानी आमनागरिकलाई पुऱ्याउनु अहिलेको अनिवार्य आवश्यकता हो । तर त्यो काम निकै चुनौतीपूर्ण बनेको छ । वन विनाश र प्राकृतिक सम्पदाहरुको अत्यधिक दोहनका कारण पानीका परम्परागत स्रोतहरु सुक्दै गइरहेका छन् । नदी एवं खोलाहरुबाट अव्यवस्थितरुपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन हुँदा हिउँदमा जल प्रवाह नै रोकिएको अवस्था छ । देशैभरिको अवस्था करिब–करिब एउटै खालको छ । यो समस्या तराईका जिल्लाहरुमा अझ बढी छ । सिंचाईको लागि पानीको अभाव मात्र हैन, शुद्ध खानेपानी पुऱ्याउन पनि सकिएको छैन । पानी मानिसका लागि मात्र नभएर जीवजन्तुका लागि समेत त्यत्तिकै आवश्यक पर्छ । खासमा पानीको आवश्यकता पूर्तिका लागि उपलब्ध स्रोतहरुको संरक्षण गर्ने र वैकल्पिक स्रोतहरुको खोजी गर्ने काम भएको पाइन्न । खोलाहरुमा हाइड्याम बनाएर वर्षातको पानी संकलन गर्न सकिन्छ । यसका लागि धेरै ठूलो रकम खर्च गर्नुपर्दैन । स्थानीय तहहरुले आफ्नै स्रोत साधन उपयोग गरेर यस्ता कामहरु गर्न सक्छन् । विडम्बना नै मान्नुपर्छ, प्राकृतिक सम्पदा संरक्षण गर्ने भन्दा यसको उत्खनन गर्ने काममा स्थानीय तहहरुको ध्यान गएको पाइन्छ । यसरी उल्टो काम गर्नेहरुलाई सम्बद्ध राजनीतिक दलले निगरानी गरेर सच्याउन सक्नुपर्छ । नसच्चिएको अवस्थामा कारवाही प्रक्रिया अगाडि बढाउने आँट गर्नुपर्छ ।

पानीको समस्या दीर्घकालीनरुपमा समाधान गर्नका लागि कृत्रिम जलाशय निर्माण गर्ने, भएका जलाशयहरुको संरक्षण र स्तरोन्नतिमा ध्यान दिन सकियो भने थाहानगरमा सिंचाईको सुविधा हुनुका साथै खानेपानीको समस्या धेरै हदसम्म समाधान गर्न मद्दत पुग्नेछ । यसरी निर्माण गरिएका जलाशयहरुमा व्यावसायिक मत्स्यपालन गरेर मनग्य लाभ लिन सकिनेछ । पानी जीवन हो । पानीबिना जीवन संभव छैन । नेपाल जलस्रोतको धनी देश हो । तर हामीले त्यसलाई राम्ररी सदुपयोग गर्न सकेका छैनौं । नेपालले पानी बेचेर थुप्रै विदेशी मुद्रा आर्जन गर्न सक्छ । तर हामीले पानीको मूल्य बुझ्न सकेनौं । नेपालको पानीबाट दक्षिणको छिमेकीले मनग्य फाइदा उठाइरहेको छ । तर हामीले राष्ट्रिय हितबारे गम्भीरतापूर्वक सोच्नसम्म सकिरहेका छैनौं ।

पानीलाई बगेर खेर जाने वस्तु जस्तो ठान्ने हाम्रो मानसिकता परिवर्तन भयो भने मात्रै हामीले यसको महत्व बुझ्ने छौं । नेपालमा स्रोत र सम्पदाको कमी छैन । सिंचाई, विद्युत उत्पादन र खानेपानीका लागि हामीसँग प्रचुर मात्रामा पानी छ । तर त्यसलाई सदुपयोग गर्ने योजना र कार्यक्रम छैन । दशकौं भयो, काठमाडौं उपत्यकामा मेलम्चीको पानी अझै आउन सकेको छैन । अब कम्तिमा पनि विगतको परम्परा तोडेर नयाँढंगले अगाडि बढ्न सक्नुपर्छ । पानीको स्रोत मात्रै संरक्षण गर्न सकियो भने खानेपानी हाम्रो समस्या बन्ने छैन । त्यसैले गाउँगाउँमा भएको सरकार 'स्थानीय सरकार'ले योजना तर्जुमा गर्दा यसतर्फ ध्यान दिनू आवश्यक छ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# राष्ट्र निर्माणमा स्थानीय सरकारको भूमिका



डा. माधव अधिकारी

स्थानीय सरकारलाई सबल र प्रभावकारी बनाउन निर्वाचित पदाधिकारी एवम् त्यहाँ काम गर्ने कर्मचारीको अहम् भूमिका हुन्छ । स्थानीय सरकारमा काम गर्ने निजामती एवं अन्य कर्मचारीहरु स्वच्छ र सक्षम भएमा मात्र समृद्धि र सुशासन हुन्छ ।

हाम्रो देशमा २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि पनि शासनलाई बलियो बनाउने काम लामो समय हुन सकेन । २०१९ सालमा नेपालको संविधान घोषणा गरेपश्चात् पञ्चायती व्यवस्था स्थापना गरियो, तर जनहितमा कार्य हुन सकेन । २०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरेपछि तीन पटक आमनिर्वाचन भयो, तर पटक–पटक सरकार परिवर्तन भए । सोचेअनुसार देशमा सुशासन कायम हुन सकेन, जनता अधिकारसम्पन्न हुन नपाएको भनी २०६२/६३ को जनआन्दोलन भयो । उक्त लोकतान्त्रिक जनआन्दोलनपश्चात् नेपालमा २०६४ साल चैत २८ गते संविधानसभा निर्वाचन भयो । सो संविधानसभा दुई वर्षभित्र नेपालको संविधान बनाउने भनिए तापनि पटकपटक म्याद थप्दै २०६९ जेठ १४ गते संविधान बनाउन नसकी भङ्ग भएको थियो । दोस्रो संविभानसभाका सदस्यहरूको निर्वाचन वि.सं. २०७० मंसिर ४ गते सम्पन्न भयो । र, अन्ततः २०७२ असोज ३ गते यसै संविधानसभाबाट नेपालको संविधान २०७२ जारी भयो ।

नेपालको संविधानले स्वायत्तता र स्वशासनको अधिकारलाई प्रस्तावनामै आत्मसात् गरेको छ । संविधानको धारा ५६ ले लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग तीनवटै तहले गर्ने व्यवस्था गरेको छ । यी तीनवटै तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने परिकल्पनाका साथ संविधानले संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरूको व्यवस्था गरेको पाइन्छ । नेपालको संविधानले सक्षम, स्वायत्त र जिम्मेवारी वहन गर्न सक्ने समावेशी स्थानीय तहको परिकल्पना गरेको छ । राज्य संचालन विभिन्न तह र निकायबीच काम र अधिकारको दोहोरोपनको अन्त्य गरी नागरिकलाई प्रवाह गर्ने सेवाको प्रभावकारी व्यवस्थापन गर्न संविधानले स्थानीय तहको अधिकारको कार्यसूची व्यवस्था गरेअनुरूपका कार्य सम्पादन गर्न ती एकाइहरू आर्थिक रूपमा आत्मानिर्भर र स्रोत परिचालन र व्यवस्थापनमा सक्षम हुनुपर्ने भई स्थानीय तहको तपसिलअनुसार पुनः संरचना भएको छ ।

मानव सभ्यता विकासको क्रममा मानव जाति राज्य सञ्चालनको प्रक्रियामा समावेश हुन थालेपछि अधिकार र दायित्वको बाँडफाँड बहस सुरू भएको हो । केन्द्रीकृत र विकेन्द्रित राज्य पद्धतिको विषय नवीन होइन, तर प्रजातान्त्रिक शासन पद्धतिको मौलिक मान्यता विकेन्द्रीकरण हो । केन्द्रमा रहेको शक्ति, अधिकार, दायित्व, साधन र स्रोत जति तल्लो निकाय तह र वर्गमा निःसृत हुँदै जान्छ त्यति नै प्रजातन्त्रिक शासन व्यवस्थाले सार्थकता पाएको ठानिन्छ । सोअनुसार सिंह दरबारको अधिकार गाउँगाउँमा भन्ने भयो । सो क्रममा दिगो विकासको प्रक्रियालाई सबल बनाउन समाजमा रहेका कमजोर वर्गसम्म विकासको प्रतिफल पुग्न सकोस् भन्ने अभिप्रायले स्थानीय सरकारलाई समाज विकासको प्रमुख निकायका रूपमा प्रस्तुत गरियो । लोकतन्त्रको सफल प्रयोग आमजनताले अनुभूत गर्न सक्ने, सहभागी बन्न सक्ने, निर्णय निर्माण र निरूपणमा भूमिका खेल्ने सुशासन हुन सक्छ । सबै क्षेत्रका जनतालाई बढी अधिकार सम्पन्न र उत्तरदायी बनाउनुमा नै लोकतन्त्रको सार्थकता रहन्छ । आफ्नो राज्यको भाग्य निर्माण जनता आफैंले गर्छन् । मुलुकको चौतर्फी विकास, जनताको सक्रिय सहभागिता जुटाई स्थानीय सरकारले विकासका लागि सुशासन सशक्त बनाउन सक्छ । लोकतन्त्रको मूल आधार स्थानीय सुशासन हो । स्थानीय सुशासनको भरमा केन्द्रीय शासनको कार्यबोझ कम हुन्छ । राष्ट्रिय विकासको आधारभूमि नै स्थानीय सुशासन हो ।

विश्वव्यापी रूपमा स्वीकृत आधार भूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानुनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहीनता अन्त्य गर्दै सुशासन कायम गर्ने कार्य राज्यको दायित्व हुने व्यवस्था गरेको छ । यसरी सुशासन राज्यको दायित्वका रूपमा संविधानले नै अंगीकार गरेको अवस्था छ ।

नेपालको संविधान नेपाली जनताको सात दशकको अथक प्रयासबाट प्राप्त भएको हो । युगीन यो पलको अपेक्षासहित नेपाली जनताले गरेको जनआन्दोलनको अभिलाषा र गरिमामयको सार्थकता नै शासन व्यक्तिको होइन, विधिको हुनुपर्छ भन्ने लोकतान्त्रिक मान्यता हो । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले सामन्त, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेको सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्ने, बहुभाषिक, बहुधार्मिक, बहुजातीय, बहुसंस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी ऐक्यबद्ध, सामाजिक, सहिष्णु र सद्भावनालाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका छुवाछूतको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्र्दै वर्तमान नेपालको संविधान जारी भएको पाइन्छ । संविधानले संघीय लोकलान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा गरेको छ ।

प्रतिस्पर्धात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणा सुनिश्चित गरेको छ । साथै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्धता राखी समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गरेको छ । नेपाली जनताको यो संकल्पसहित जारी भएको संविधानबाट राजनीतिक स्थिरता र न्यायपूर्ण समाजको निर्माण हुनेछ । संविधानअनुसार संघ, प्रदेश र स्थानीय गरी राज्यको तीन तहलाई संवैधानिक व्यवस्था गरिएको पाइन्छ । माथिको तालिकामा उल्लेख गरिएको ७ सय ५३ स्थानीय सरकारको देश निर्माणमा मुख्य भूमिका हुन्छ । जनताले प्रत्यक्ष सेवा लिने ठाउँ नै स्थानीय निकाय हो । यो सबल र प्रभावकारी हुनुपर्छ । स्थानीय सरकारलाई सबल र प्रभावकारी बनाउन निर्वाचित पदाधिकारी एवम् त्यहाँ काम गर्ने कर्मचारीको अहम् भूमिका हुन्छ । स्थानीय सरकारमा काम गर्ने निजामती एवं अन्य कर्मचारीहरू स्वच्छ र सक्षम भएमा मात्र समृद्धि र सुशासन हुन्छ । देशको शासन व्यवस्था परिवर्तित भई सिंह दरबारको अधिकार स्थानीय निकायमा गएको प्रत्याभूति दिई सुशासन र सार्वजनिक सेवाको प्रभावकारिता प्रमाणित गर्ने बेला आएको छ । नेपाली जनताको अगाडि सुशासनको कसीमा स्थानीय सरकार रहेको छ । त्यसैले राष्ट्र निर्माणमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका छ । यसका लागि सेवाप्रदायकमा पारदर्शिता र चुस्तताप्रति प्रतिबद्धता नै मुख्य गहना हो । स्थानीय सरकार प्रत्यक्ष रूपमा सेवाग्राहीको सधैं नै सार्वजनिक रूपमा कामकाज गर्ने निकाय हुन् । सेवाप्रदायकले सेवा दिंदा आफ्नो स्वार्थ नहेरी सेवा दिनुपर्छ । तर, यदाकदा यसको ठीक उल्टो भएको गुनासो आएको छ । अतः स्थानीय सरकार, जनताका लागि सेवा गर्न पारदर्शिता र चुस्ततामा प्रतिबद्धता भई जीवन्त रहनैपर्छ । यसपछि मात्र सुशासन भई समृद्ध नेपालको सिर्जना हुनेछ । तर, सत्ताधारी तथा अन्य राजनीतिक दलले संविधानको पालना नगरी देश नै अस्तव्यस्त पारिरहेका छन् । यो देश निर्माणका लागि दुःखको कुरा हो ।

# खानेकुरा अड्किने समस्या : कसरी बल्झिन्छ, कसरी नियन्त्रण गर्ने ?



कहिलेकाहीँ हामीलाई खाना खाने बेलामा मात्रै नभएर पानी पिउने बेलामा समेत निल्न समस्या भएको महसुस हुन्छ । हामी औषधि खाँदैनौं तर पनि केही समयमा त्यो आफैं निको हुन्छ । तर यही समस्यालाई लिएर कतिपयले भने यो दीर्घकालीन स्वास्थ्य समस्याको संकेत त होइन भनेर चिन्ता व्यक्त गरेको पाइन्छ ।

खानेकुरा निल्नको लागि समस्या हुनु एक यस्तो स्थिति हो जसमा भोजन वा तरल पदार्थलाई सहज तरिकाले निल्ने नलीमा कुनै न कुनै अवरोध हुन सक्छ । यसले खाना खाँदा होस् या पानी पिउँदा समेत घाँटीबाट निल्न कठिन भएको महसुस गराउँछ ।

कुनै कुरा निल्न कठिन हुने अवस्थालाई मेडिकल भाषामा डिस्फेजिया भनिन्छ । यो लक्षण सधैंको लागि वा दीर्घकालीन मेडिकल स्थितिको संकेत गर्ने समस्या होइन । यो केही समयसम्म रहन्छ र आफैं ठीक पनि हुन्छ । त्यसैले यस्तो समस्यामा डराउनुपर्ने अवस्था रहँदैन ।

कुनै वस्तु निल्न समस्या हुनुका केही कारणहरू हुन्छन् । प्रायः इसोफेगसमा हुने क्षति या इसोफेगसलाई कन्ट्रोल गर्ने मांसपेसी वा तन्त्रिकाले ठीक काम नगर्दा यस्तो समस्या सिर्जना हुन्छ । जुन बारम्बार दोहोरिरहने समस्याभित्र पर्छ । खानेकुरा निल्न हुने समस्यालाई पनि दुई भागमा विभाजन गर्न सकिन्छ । जस्तो कुनै मुख वा गलामा हुने समस्यालाई ओरोफेरिन्जियल डिस्फेजिया भनिन्छ । भोजनलाई मुखदेखि पेटसम्म लैजाने एउटा नली हुन्छ । उक्त नलीमा हुने समस्यालाई इसोफेगस भन्छन् । यही दुई अवस्थामा कुनैपनि कुरा निल्न अप्ठ्यारो हुन्छ ।

**निल्न समस्या हुनुका लक्षणहरू:**

डिस्फेजियाको स्थिति बारम्बार देखिन सक्छ र समयसँगै यो निको पनि हुन्छ । कुनै पनि खानेकुरा निल्न समस्या हुने वा सलोइङमा निम्न लक्षणहरू देखिन्छ ।

- कुनैपनि खानेकुरा निल्ने बेलामा गला अवरूद्ध हुनु, खोकी लाग्नु आदि हुने गर्छ ।
- निलिसकेको खानेकुरा पनि फेरि मुख वा नाकमार्फत् बाहिर आउनु,
- भोजन या पानीको समेत केही भाग आफ्नो गलामा वा छातीमा अड्किएर बसेको जस्तो महसुस हुनु,
- वजन कम हुनु किनकि तपाईं पर्याप्त मात्रामा भोजन वा तरल पदार्थको सेवन गर्न सकिरहनु भएको छैन ।
- कुनै पनि खानेकुरा निल्ने बेलामा दुखाइको महसुस हुनु,
- छातिमा दुखाइ वा दबाब महसुस हुनु ।
- बोली अवरूद्ध हुनु
- बच्चाहरूमा निश्चित प्रकारका खानेकुरा खान इन्कार गर्नु,
- खाना खाने समय भोजन बाहिर निस्कनु,

**किन हुन्छ यो समस्या ?**

तन्त्रिकामा क्षति हुँदा उक्त नसामा समस्या देखिन सक्छ । जसले कुनै पनि कुरा खाँदा त्यसलाई नियन्त्रण गर्ने गर्छ । डिस्पेजियाको केही न्यूरोलोजिकल कारणहरू समेत हुन्छन् । ती निम्नानुसार छन् ।

**-स्ट्रोक**

- यस्तो न्यूरोलोजिकल स्थिति जसले समयका साथसाथ मस्तिष्क र तन्त्रिकालाई समेत क्षतिग्रस्त गर्न सक्छ । यसमा पार्किन्सन रोग, मल्टिपल स्क्लेरोसिस र डिमेन्सिया आदि सामेल हुन्छन् ।
- मस्तिष्कमा हुने ट्युमर

**कसरी बच्ने यो समस्याबाट ?**

डिस्फेजियाको रोकथाम केवल त्यतिबेला सम्भव हुन्छ । जतिबेला त्यस्तो रोकावटलाई खोल्न सकिन्छ । कैयौं दीर्घकालिक न्यूरोमस्कुलर स्थितिहरू समेत यो समस्या देखिन सक्छ । यस्तो भयो भने यसलाई रोकथाम गर्न सम्भव छैन । यो बिस्तारै आफैं ठीक हुने गर्छ ।

यसबाहेक औषधिको मद्धतले ग्यास्ट्रोइसोफेगल रिफ्लक्स डिजिजको कम या त्यसको रोकथामको काम समेत गर्न सकिन्छ ।

# उपाधि... ..




सुनौला माविले काश्य पदक पाए ।

त्यसैगरी एथ्लेटिक्स तर्फ छात्र र छात्रा समेत गरी जनकल्यण माविलाई १४ स्वर्ण, ८ रजत र ७ काश्य हात पारेको छ । बागेश्वरी माहविले ३ स्वर्ण, ६ रजत र ३ काश्य हात पार्यो भने नाटेश्वर माविले ३ स्वर्ण, २ रजत र १ काश्य हात पारेको छ । मत्स्यनारायण माविले २ स्वर्ण, २ रजत र १ काश्य जित्न सफल भएको छ । सुन्दरीदेवी मविले २ स्वर्ण, र ६ काश्य हात पारेको छ । सुनौला माविले १ स्वर्ण, ३ रजत र २ काश्य पायो भने हिमालयान बोर्डिङ स्कूलले १ स्वर्ण १ रजन र २ काश्य पदक प्राप्त गर्न सफल भएको छ । एथ्लेटिक्स प्रतियोगितामा सहभागी अन्य इन्द्रायणी मावि आग्रा, बज्रवाराही मावि, झम्केश्वरी मावि, पालुङ भ्याली हार्ट, सरस्वती विद्यामन्दिर, सरस्वती मावि, इअन एकेडेमी र स्वच्छन्द भैरव माविले एउटा पनि स्वर्ण पदक हासिल गर्न सफल नभएको आयोजक विद्यालयका शिक्षक राम महर्जनले जानकारी दिए ।

प्रतियोगिता अन्तर्गत भएको पहिलो प्रतियोगिता पिच मार्चपासमा आयोजक विद्यालय सुनौला माविले स्वर्ण पदक पाएको छ । त्यस्तै नाटेश्वर मावि टौखेलले रजत र बागेश्वरी मावि टिष्टुङले काश्य पदक हात पारेको छ । यस प्रतियोगितामा १५ वटै विद्यालयले भाग लिएका थिए । मार्सल आर्टतर्फ बज्रवाराही माविले २ स्वर्ण मात्र प्राप्त गर्यो भने जनकल्याण माविले १ स्वर्ण, र ४ रजत प्राप्त गरेको थियो । इअन एकेडेमीले १ स्वर्ण र २ काश्य पदक हात परेको थियो भने सरस्वती विद्या मन्दिरले १ स्वर्ण र नाटेश्वर माविले १ रजत मात्र प्राप्त गरेको थियो ।

प्रतियोगिताका विजयीहरूलाई थाहा नगरपालिकाका नगर उपप्रमुख खड्ग गोपालीले पुरस्कार वितरण गरेका थिए । कार्यक्रममा थाहानगर क्षेत्रका राजनितिक दलका प्रमुख तथा प्रतिनीधिहरू, संघसंसथाका प्रमुख तथा प्रतिनीधिहरू, । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरको समेत सहभागिता रहेको थियो । कार्यक्रमको अवसरमा प्रतियोगितालाई सफल बनाउन सहयोग गर्ने निकायहरू, स्वयंसेवक, स्वास्थ्यकर्मी, प्रशिक्षकहरू लगायतलाई कदरपत्र दिइएको थियो । कार्यक्रम थाहानगर खेलकुद विकास समितिका संयोजक राजेश केसीको सभाध्यक्षतामा भएको थियो ।

# जहाँ तपाईंको अपमान हुन्छ त्यहाँ नजाँदा राम्रो




जोकोही मान्छे पनि आफैँमा सफल र सुखी जीवन बिताउन चाहन्छ । तर यो कसैलाई पनि सम्भव छैन कि पूरै जीवन बिना झण्झट बिताउन सकोस् । किनकि जीवन जहाँ छ त्यहाँ सकारात्मक र नकारात्मक भावसँगै आउने गर्छ । यो सम्भव नै छैन कि तपाईंले जीवनको प्रत्येक क्षणमा सफलता प्राप्त गर्नुहोस् र तपाईं जहिले पनि सुखी नै हुनुहोस् । जीवनमा आउने यस्ता कठिन अवस्थामा, सद्भाव कायम राख्नु महत्त्वपूर्ण हुन्छ । यो सन्तुलन केवल दिमाग र शरीरबाट हुन्छ, तर कसरी सन्तुलनमा राख्न सकिन्छ ? त्यससम्बन्धी केही विषयहरू चाणक्य नीति वा अन्य नीति शास्त्रहरूबाट साभार गरिएको छ ।

१. जीवनले हामीलाई बाँच्नका लागि धेरै अवसरहरू प्रदान गर्छ, जुन व्यक्ति जीवनमा सही मार्ग अपनाएर अगाडि बढ्न सक्छ उसको जीवनमा पनि सहजता र कठिनाइ बारम्बार आउने गर्छ । यदि कुनै कारणले उसले अवसर लाई हातबाट फुत्किन दियो भने उसले समस्याबाट मुक्त हुन सक्दैन । कहिलेकाहीँ नचाहँदानचाहँदै पनि अवसर गुम्न सक्छ । यस्तो अवस्थामा भविष्यलाई सम्झिएर चिन्तित हुने होइन । वर्तमानलाई ध्यान दिनुपर्छ ।

२. आफ्नै लागि बाँच्नुहोस्, अरू कसैको लागि होइन, आफूलाई प्रेम गर्नुहोस्, तपाईंले आफ्नो आनन्द आफैँले निर्धारित गर्नुपर्छ । केवल आफूलाई प्रेम गर्नेले मात्रै अर्कोलाई प्रेम गर्न सक्छ ।

३. वरपरका परिवार र साथीहरूलाई बुझ्ने प्रयास गर्नुहोस् । उनीहरूसँग गुणस्तरीय समय बिताउनुहोस्, कुनै पनि चाड वा अवसरमा सँगै बस्ने प्रयास गर्नुहोस् ।

४. कसैप्रति भएको कुनैपनि नकारात्मक सोचको समाधान गर्नुहोस् । किनकि आवेगमा कसैको मन दुखाइएको हुन सक्छ ।

५. जहिले पनि कसैबाट जीवनमा केही नयाँ सिक्ने कोसिस गर्नुहोस्, तपाईं धेरै पछाडि पर्न सक्नुहुन्छ यदि तपाईंले सिक्न छाड्नुभयो भने ।

६. ज्ञानको बारेमा अहंकारी नहुनुहोस्, केही नयाँ जान्न चाहनेलाई मद्दत गर्नुहोस् र यसको सट्टामा केही प्राप्त गर्ने आशा नराख्नुहोस् ।

७. यदि कुनै व्यक्तिले तपाईंलाई अपमान गर्न खोजिरहेको छ भने केवल ऊबाट टाढै बस्नु उचित हुन्छ, सकेसम्म उसको गल्तीलाई माफ गर्नुहोस् ।

८. यदि तपाईं कसैलाई केही बुझाउँदै हुनुहुन्छ भने यसलाई सही कुराकानीको माध्यमबाट व्याख्या गर्ने प्रयास गर्नुहोस्।

९. जीवन सजिलो छैन, नकारात्मक सोचको मूल पत्ता लगाउनुहोस् र सकार ात्मकताको खोजी गर्नुहोस् ।

१०. जीवनमा व्यक्तिलाई मूल्यवान् बनाउन सिक्नुहोस् । बलियो सम्बन्धले मात्र तपाईंको मानसिक स्वास्थ्यलाई सुदृढ बनाउँछ । जसमा आमा बुबा, आफन्त र साथीहरू समावेश गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ । तर सही साथीहरू छान्नु एकदम महत्त्वपूर्ण हुन्छ ।

११. विगतबाट बाहिर निस्किनुहोस् र वर्तमानमा बाँच्नुहोस् । आलोचनाको सामना गर्ने क्षमता राख्नुहोस्, गल्ती स्वीकार्ने साहस राख्नुहोस् र यसबाट सिक्नुहोस् र कसैलाई यसको लागि जिम्मेवार नबनाउनुहोस् ।

१२. अधिक सुन्ने क्षमता बढाउनुहोस्, यसले तपाईंलाई कुनै पनि समस्या छिटो हल गर्न मद्दत गर्छ । पैसाले तपाईंलाई आनन्द दिन्छ तर यसबाट आफ्नो खुसीको आकलन नगर्नुहोस् । कडा परिश्रम र प्रतिबद्धताले गरेको हरेक कामले पैसा र खुसी दुवै कमाउन सक्छ ।

१३. जीवनको गतिसँगै तपाईंको शरीर लाई विश्राम दिनु आवश्यक छ । त्यसैले आफ्नो लागि व्यस्त तालिकाबाट अलिक समय लिनुहोस् र तपाईंलाई मनपर्ने कुरा गर्नुहोस् ।

१४. धेरै व्यक्ति काममा व्यस्त रहँदा आफ्ना इच्छाहरू बिर्सेर आफ्नो जीवन बिताउँछन् । उनीहरू आफ्ना इच्छाहरू पूरा गर्न समय निकाल्नैपर्छ ।

१५. सकेसम्म मुस्कुराउने कोसिस गर्नुहोस् । यसले तपाईंको जीवनलाई धेरै हदसम्म सजिलो बनाउँछ ।

स्थानीय खबरका लागिः
www.thahatimes.com

# गाउँमा सडक पुगेपछी गाउँलेले मेयरको फोटो सहितको बोर्ड राखे




◆ विकास संवाददाता

बषौदेखि गाउँ वरपरको सडक निर्माण गर्नका लागि तीनै तहका सरकारलाई गुहार गर्दा पनि यस अघि सुनुवाइ भएको थिएन । सडक निर्माण गर्नुपर्यो भनेर धेरै युवाहरू वडा तह देखि सांसद सम्मलाई गुहारे । तर, पनि गाउँको कच्ची सडकलाई पक्की निर्माण गर्न कसैले पनि चासो दिएका थिएनन् ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ ठुलोथलीमा पहिलो पटक सडकमा स्लाब ढलान गर्नका लागि उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले बजेट पास गरेर सडक निर्माण गरेपछी स्थानीयमा खुसीको सिमानै भएन ।

सडक पक्की बनेपछी त्यही सडकको अघिल्तीर हेटौंडा उपमहनागरपालिकाका मेयर हरि बहादुर महतको फोटो राखेर बोर्ड झुण्डाइएको छ । 'राम्रो मेयर हाम्रो मेयर' बोर्डमा लेखिएको छ । दश लाख रूपैयाँ लागतमा निर्माण भएको स्लाब ढलान सडकको मेयर महतले उद्घाटन गरे । सरकारी निकायको कम चासो परेको यस क्षेत्रमा सडक निर्माण भएपछी स्थानीयहरूले सरकारको अनुभुती गर्न पाएको भन्दै खुसी व्यक्त गरेका छन् ।

यस क्षेत्रमा अबका दिनमा थप २५ लाख रूपैयाँ बजेटमा सडक निर्माणको काम थप गर्ने मेयर महतले बताए ।

# उद्योग वाणिज्यसंघमा दुई प्यानलको उमेदवारी घोषणा



◆ विकास संवाददाता

आगामी चैत २१, २२ र २३ गते हुने ५४ औं साधारणसभाबाट मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्व सम्हाल्नका लागि दुई प्यानलले उम्मेदवारी घोषणा गरेका छन् ।

निर्वाचनको करिब २५ दिन समयावधि बाँकी रहँदा चर्किरहेको चुनावी माहोलका बीच शुक्रबार दुई प्यानलको उम्मेदवारी घोषणासँगै मकवानपुरमा उद्योग/व्यवसायीको नेतृत्वबारे चर्चा बढ्दो छ । २८ फागुनमा संघका निर्वतमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वकेन्द्रीय सदस्य राजकुमार न्यौपाने र संघका वर्तमान उपाध्यक्ष कृष्ण कुमार गुप्ता अग्रवालले छुट्टाछुट्टै अध्यक्ष सहित प्यानलसहित उम्मेदवारी घोषणा गरेका हुन् । केहि साताअघि संघको नेतृत्वका लागि राजकुमार न्यौपाने, माधव न्यौपाने, रामप्रसाद न्यौपाने, कृष्णकुमार गुप्ता अग्रवाल र महेन्द्र राउतको नाम चर्चामा आएपछि २८ फागुनसम्म न्यौपाने र अग्रवालले मात्र आधिकारिक रूपमा उम्मेदवारी घोषणा गरेका छन् ।

रामप्रसादले अध्यक्षमा दाबी गर्दै आएपनि उनले राजकुमारलाई समर्थन गर्दै अघि बढ्ने प्रतिबद्धता जनाएपछि पछिल्लो पटक राजकुमार बलिया उम्मेदवारको रूपमा खडा भएका छन् । राजकुमारको प्यानलमा हाल उपाध्यक्षहरूको मात्र टुंगो लागेको छ । वाणिज्य उपाध्यक्षमा रामप्रसाद न्यौपाने, उद्योगतर्फ प्रतिमा श्रेष्ठ, बस्तुगत तर्फ राजु अधिकारी र एशोसिएटतर्फ उज्जवल चौलागाईं आफ्नो प्यानलको उम्मेदवार हुने उनले जानकारी दिए । उनले केहि दिन बाँकी क्षेत्रका सदस्यहरूको टुंगो लगाएर सार्वजनिक गरिने बताए । उता अग्रवाललाई संस्थापन पक्षको साथ रहेको छ । संघको बर्तमान अध्यक्षसमेत रहेका कृष्ण कटुवाल, पूर्वअध्यक्ष अरूणराज सुमार्गी र कार्यसमितिका अधिकांशको समर्थन रहेको अग्रवालको दाबी छ । २८ फागुनमै उनले पनि आफ्नो प्यानलसहित उम्मेदवार घोषणा गरेका छन् ।

अध्यक्षका प्रत्यासी अग्रवालका अनुसार उनको प्यानलमा प्रमोद सिंह रानाभाट, सुनिल अधिकारी, गणेश भेटवाल, काव्यमणि अधिकारी, सन्तोष अर्याल, रूपकराज दाहाल, कुलप्रसाद चौलागाईं, दीपक खत्री, रवी शर्मा कँडेल, निलम बैद्य, निलम पाण्डे, राधिका सामरी, कृष्णहरि बर्तौला, श्रीकृष्ण भाइ कर्माचार्य, भूपेन्द्र अधिकारी, पुष्प पुडासैनी, धर्मराज बानियाँ, राजेश लामिछाने, अंकिता सुमार्गी, राजाराम कार्की र दीपक उप्रेती उम्मेदवार हुनेछन् ।

# 'गिता छोएर कशम खाइएको छ, पाटी फुट्दैन'-कमल थापा

◆ विकास संवाददाता

राष्ट्रिय प्रजातन्त्र पाटी (राप्रपा) का केन्द्रीय अध्यक्ष कमल थापाले अब राप्रपा नफुट्ने दाबी गरेका छन् । गृह जिल्ला मकवानपुरको हेटौंडा उपमहानगर-पालिकाको राप्रपा नगर अधिवेशनको उद्घाटन गर्दै अध्यक्ष थापाले आउँदो दिनमा राप्रपा नफुट्ने बताएका हुन् ।

अध्यक्ष थापाले कम्युनिष्ट सरकारले जनस्थरको काम गर्न नसकेको भन्दै अब राप्रपाले देशको नेतृत्व लिनुपेर्न समय आएको बताए । अध्यक्ष थापाले भने,'आगामी निर्वाचन सम्ममा हामीले आफ्नै खुट्टामा उभिएर आफ्नै शक्तिको आधारमा राप्रपाको नेतृत्वमा सरकार बनाउने अभियानलाई साकार पार्नुपर्दछ ।'

उनले पार्टीका कार्यकर्ताहरूलाई अब राप्रपा फुट्छ कि भन्ने चिन्ता नलिन आग्रह समेत गरेका छन् । उनले भने,-'तपाईहरू सबैलाई थाहा छ गएको २०७३ सालको केन्द्रीय महाधिवेशनबाट



हामी नेतृत्वमा गयौ तर दुर्भाग्यवश केही साथीहरूले पार्टी फुटाउने जर्मको गरे ।' 'तर मलाई खुशी लागेको छ'-उनले थपे 'तपाईहरूलाई यो भन्दा मलाई गौरवको अनुभव हुन्छ, की मेरो ४ वर्षे कार्यकाल नसकिदै फेरी पार्टीलाई एक गराउने काम भएको छ ।' पार्टी एकतालाई कहिल्लै टुट्न नदिनका निम्ति दुई अध्यक्षहरू पशुपति शमशेर राणा र प्रकाशचन्द लोहनीलाई गिता छोयर कसम खान लगाएको थापाले सुनाए । उनले भने-'अब फेरी पार्टी फुटाउने छैनौ भनेर दुई अध्यक्षलाई गिता छुन लगाएर कसम खुवाएको छु, त्यसकारणले गर्दा पार्टी फुट्दैन् ।'

# चुरिया सुरुङछेवैमा इन्जिनियर थापाको सालिक

◆ विकास संवाददाता

'सुरुङ निर्माणको डिजाइन गर्ने इन्जिनियर थापाको चुरियामाई मन्दिर परिसर एवं सुरूङछेउमै उपमहानगर-पालिकाले अर्धकदको सालिक राखेको हो,' मेयर महतले भने । दक्षिण एसियाकै पहिलो मानव निर्मित सुरूङ भएकाले यसलाई विश्वसामु चिनाउन उपमहानगर पालिकाले विगतदेखि नै संरक्षण कार्य गर्दै आएको उनले बताए ।

चिफ इन्जिनियर थापाले आफ्नो कार्यकालमा देशका १२ वटा महत्त्वपूर्ण भौतिक संरचनाको डिजाइनका साथै निर्माण गराएका थिए । हेटौंडा-काठमाडौं रोपवे, १९९० सालको भूकम्पपछि भत्किएको धरहरा र घण्टाघरको पुनर्निर्माण, काठमाडौंमा रहेका राणाजीहरूका दरबार, नेपालको प्रथम रेल वे जनकपुर-जयनगरको पनि उनले नै डिजाइन गरेका थिए । चुरियामाई सुरूङको निर्माण १०४ वर्षअघि अर्थात्



सन् १९१७ मा गरिएको थियो । थापाले नै अमलेखगन्जदेखि भीमफेदीसम्म सडकको पनि डिजाइन गरेका थिए । बक्स कटिङ गर्न उपकरण नभएकाले त्यति बेला मानिसद्वारा नै सुरूङ खनिएको थियो । चुरियामाई मन्दिर पनि इन्जिनियर थापाले नै बनाएका हुन् ।

पथलैया-हेटौंडा सडक निर्माण भएपछि यो सुरूङ सञ्चालनमा आउन छाडेको छ । १० फिट उचाइ रहेको करिब ७ सय ८५ फिट लामो सुरूङ निर्माण गर्न २ वर्ष लागेको थियो । एक दशकभन्दा बढी सयम यो सुरूङ हुँदै साना हलुका सवारी आवत-जावत गरे ।

मकवानपुर र बाराको सिमाना पर्ने चुरियामाई मन्दिरछेउको सुरूङ दक्षिण एसियाकै पहिलो मानव निर्मित सुरूङ भएको विश्वविख्यात भूगर्भविद् डा. टोनी हेगनले आफ्नो चर्चित पुस्तक 'नेपाल'मा उल्लेख गरेका छन् । हेगनले लेखेका छन्, 'नेपालभन्दा ठूलो भारतले पनि सुरूङ प्रविधि भित्र्याउन नसकेको अवस्थामा नेपाल सफल भएको छ ।' बागमती प्रदेश सरकारले पनि सुरूङ संरक्षण गर्न बजेट विनियोजन गरेको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

विकास
२०७७ चैत्र ०२ गते सोमबार, 15 March. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com


# नारी दिवसमा महिलालाई कानूनी सचेताना



◆ विकास संवाददाता

थाहा नगरपालिकाको विकास घरमा १ सय ११ औं अन्तरराष्ट्रिय महिला दिवसको अवसरका अन्तरक्रिया कार्यक्रम भएको छ । थाहा नगरपालिका महिला, बालबालिका तथा अपांग परिचयपत्र वितरण शाखाको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रमको प्रमुख अतिथि नगर उपप्रमुख खड्ग गोपाली रहेका थिए ।

कार्यक्रममा सहभागीहरूले महिलाहरूको हक अधिकार र थाहानगरमा हालको अवस्थाको विषयमा चर्चा गरेका थिए ।



सामाजिक विकास समितिका उपसंयोजक विष्णु बहादुर गुरूङको सभाध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य कविता कार्की, ५ नम्बर वडा सदस्य चमेली वाइबा, सहकारीकर्मी सुमित्रा बिडारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसैबीच दिवसको अवसरमा कानुनी अभिमुखीकरण कार्यक्रम भएको छ । कानुनी सहजकर्ता जगनाथ सुवेदीले सहजीकरण गरेको अभिमुखीकरणमा ७५ जना महिलाहरूको सभागिता रहेको थियो । कार्यक्रममा वडाबाट निर्वाचित महिला सदस्यहरू, सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू, महिला सहकारीका प्रतिनिधि एवं सहकारी सदस्यहरू, अपाङ्ग महिलाहरु लगायतको सहभागिता रहेको शाखा प्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् ।

# 'विकास' सहकर्मी विष्टले खिचेको फोटो अन्तराष्ट्रिय छनोटमा




◆ विकास संवाददाता

हेल्प एज इन्टरनेसनले ज्येष्ठ नागरिकहरूको फोटो आव्हान गरेकोमा नेपालका तर्फबाट विकास खबरपत्रिका साप्ताहिकका फोटो पत्रकार गणेश विष्टको सात वटा फोटो छनोटमा परेको छ । अन्तरराष्ट्रिय महिला दिवस २०२१ को अवसरमा हेल्प एजले ज्येष्ठ महिलाहरूको आर्थिक अधिकार र न्यायलाई केन्द्रिय बिषय मानेर फोटो आव्हान गरेको थियो ।

विभिन्न १० देशले सहभागिता जनाएको यस प्रतिस्पर्धामा नेपालबाट एजिङ नेपालसंग सम्बद्ध मकवानपुर थाहानगरका बिष्टले खिचेको ७ प्रारम्भिक छनोटमा परेको छ । 'ज्येष्ठ महिलाहरूको आर्थिक अधिकार र न्याय' अभियानमा मेरो समर्थन छ भन्ने, जनाउन एउटा हात माथि उठाएर खिचिएको फोटो विष्टले प्रतिस्पर्धाका लागि पठाएका थिए । विष्ट मकवानपुर थाहानगरबाट प्रकाशित थाहा टाइम्स डटकममा समेत आवद्ध छन् ।

अभियानमा नेपालको सबैभन्दा बढि विष्टले खिचेका ७ वटा, कम्बोडियाका ५, फिलिपिन्सका ५, अर्जेन्टिनाका २, जोर्डनका ५, भियतनामका ४, केन्याका ४, इथियोपियाका ४, किर्गिस्तानका ३ र थाईल्याण्डका १ वटा फोटो छनोटमा छन् ।

# जनकल्याणमा दुव्यर्सन विरुद्ध जनचेतनामूलक कार्यक्रम



◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा क्रियाशील पालुङ जेसीजले लागूपदार्थ दुव्यर्सन विरूद्ध जनचेतनामूलक कार्यक्रम संचालन गरेको छ। इलाका प्रहरी कार्यालय पालुङको समेत सहयोगमा पालुङ जेसीजले जनकल्यण माध्यमिक विद्यालयमा कार्यक्रम संचालन गरेको हो ।

महाशिवरात्रीको अवसर पारेर लागुपदार्थको प्रयोग बारे जनकल्यण माविमा १२ वर्ष माथिका छात्रछात्राहरूका लागि लागूपदार्थ दुव्यर्सन विरूद्ध जनचेतनामूलक कार्यक्रम गरिएको पालुङ जेसीज वर्ष २०२१ का कोषाध्यक्ष निरज रायमाभ्ठीले जानकारी दिए । सहभागीहरूलाई इलाका प्रहरी कार्यालय पालुङका असई बिनोद थापाले सहजीकरण गरेका थिए ।

कार्यक्रमको अवसरमा सहभागीहरूलाई पालुङ जेसीजका निवर्तमान अध्यक्ष जेसी मनोज रायमाझीले जेसीजको महत्वको बारेमा प्रकाश पार्दै युवाहरूलाई जेसीजमा आवद्ध हुन आव्हान गरेका थिए । पालुङ जेसीज २०२१ का शाखा अध्यक्ष जेसी नवराज लामा सभाध्यक्षता र जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा पालुङ जेसीज वर्ष २००५ का अध्यक्षसानोभाई कार्कीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

# बज्रवाराहीमा गोठ सुधार सम्बन्धी गोष्ठी

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ६ बजवाराहीको साना किसान कृषि सहकारी लिमिटेडको आयोजनामा १ दिने पशु व्यवस्थापन तथा गोठ सुधार गोष्ठी भएको छ ।

संस्थाका अध्यक्ष महेश्वर सुवेदीको अध्यक्षता भएको गोष्ठिमा थाहा नगर पालिका वडा नम्बर ६ भित्र रहेका संस्थामा आवद्ध ४९ जना सदस्यहरूको सहभागिता रहेको थियो । कार्यक्रममा व्यवसायिक पशुपालनको सम्वन्धमा जानकारी दिइएको थियो । सदस्यहरूको पशु धन सुरक्षण, तथा आयस्तर बृद्धिका लागि उन्नत जात र तरिका अपनाउनु पर्ने, गोठ सुधारको बिषयमा अपनाउनु पर्ने सावधानी तथा तरीकाको बिषयमा जानकारी दिनुका साथै कृत्रिम गार्भाधानको फाइदाको बिषयमा जानकारी सहितको अन्तरक्रियात्मक कार्यक्रम भएको संस्थाका व्यवस्थापक ध्रुव प्रसाद विंडारीले जानकारी दिए ।

संस्थाको सभाहलमा भएको कार्यक्रममा पशु चिकित्सक विकेश कार्की, र सहयोगी संस्था साना किसान लघुवित्त वितिय संस्था हेटौंडकी वरिस्ठ सहायक उर्मिला खनालले सहजीकरण गरेका थिए ।

# राप्रपा थाहानगर अध्यक्षमा रायमाझी




◆ विकास संवाददाता

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) थाहानगरको नगर परिषदले नवीन रायमाझीलाई अध्यक्षमा निर्वाचित गरेको छ । रायमाझी नगर अध्यक्षमा सर्वसम्मत भएका हुन् ।

थाहा नगरपालिकाको शिखरकोट स्थित शंकर होटलमा भएको परिषदले थाहानगरमा २९ सदस्यीय नगगर समिति चयन गरेको छ । राप्रपा कार्य सम्पादन समितिका सदस्य राजाराम बर्तौलाको प्रमुख आतिथ्यमा भएको परिषद्ले नगर उपाध्यक्षमा केशर थिङ, राममायाँ लामा र रामहरि भट्ट, सचिव राधाकृष्ण विष्ट, कोषाध्यक्ष पुन्यमान बलामी, सहसचिव सुरेन्द्र तामाङलगायत छन् ।

कार्यक्रमको अवसरमा प्रमुख अतिथि तथा केन्द्रिय कार्य सम्पादन समितिका सदस्य राजाराम बर्तौलाले राप्रपा आगामी निर्वाचनमा निर्णायक शक्ति बनेर उदाउने दाबी गरेका छन् । थाहानगर समितिको परिषद् बैठकलाई सम्बोधन गर्दै बर्तौलाले बलियो राष्ट्रबादी प्रजातान्त्रिक शक्ति बनाउन युबा पुस्ता अघि सर्नुपर्नेमा जोड दिए । उनले काँग्रेस र कम्युनिस्टको अदुरदर्शिता र असफलताबाट मुलुकले मुक्ति खोजेको चर्चा गरे ।

कार्यक्रममा राप्रपा मकवानपुरका नेताहरू गुन्जन बहादुर न्यौपाने , गुरु प्रसाद सापकोटा , शम्भुभक्त श्रेष्ठ, अर्जुन केसी, चन्द्रप्रसाद ढुंगाना लगायतले बोलेका थिए ।

# दुईसय महिलाको नि:शुल्क स्वास्थ्य परीक्षण



◆ विकास संवाददाता

थाहानगरमा मुख्य कार्यालय रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले आयोजना गरेको नि:शुल्क महिला स्वास्थ्य शिविरमा २ सय जना महिलाको स्वास्थ्य परीक्षण गरिएको छ । १ सय ११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस अवसरमा सहकारीले शिविरको आयोजना गरेको हो ।

शिविरमा स्वास्थ्य परीक्षणका लागि आएका सबै २ सय जना महिलाको पाठेघरको मुखको क्यान्सर जाँच गरि एको थियो । जाँच गरिएका महिला मध्ये एक जनाको पाठेघरको मुखमा मासु पलाएको उपचार गरिएको सहकारीले जनाएको छ । शिविरमा स्वास्थ्य परीक्षण गराएका १ सय ९९ जनाको अवस्था सामान्य रहेको चिकित्सकले बताए । सहकारीले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस हरेक वर्ष मनाउँदै आइरहेकोमा यस बर्ष महिलालाई प्रत्यक्ष फाइदा हने कार्यक्रम अनुरूप महिलाहरूका लागि नि:शिल्क स्वास्थ्य शिविर राखिएको सहकारीका अध्यक्ष पुरूषोत्तम कार्कीले जानकारी दिए ।

विङ यूथको सहआयोजनामा भएको स्वास्थ्य शिविरमा संलग्न चिकित्सक तथा सहयोगी संस्थालाई सम्मान गरिएको व्यवस्थापक प्रकाश पौडेलले जानकारी दिए । सहकारीको हल थाहा-४, थानाबजारमा भएको शिविर उद्घाटन कार्यक्रम जिल्ला सहकारी संघ कोषध्यक्ष तथा निवर्तमान अध्यक्ष बिमल कुमार ढकालको प्रमुख आतिथ्य तथा संस्थाका अध्यक्ष पुरूषोत्तम कार्कीको सभाध्यक्षतामा भएको थियो ।

> जाँच गरिएका महिला मध्ये एक जनाको पाठेघरको मुखमा मासु पलाएको र बाँकी १ सय ९९ जनाको अवस्था सामान्य रहेको चिकित्सकले बताए ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थामा १ सय ५५ ओटा महिला आयआर्जन समुहमा ४ हजार २ सय महिला आवद्ध छन् । कार्यक्रममा जनकल्याण माध्यामिक विद्यालयका प्रधानाध्यापक सानोभाई कार्की, सहकारीका संस्थाका उपाध्यक्ष कृष्ण बहादुर बिष्ट, सचिव अरूण र ायमाझी, कोषध्यक्ष सानुकाजी गोपाली, सदस्य नवराज बिष्ट, लेखा समिति सदस्य इच्छापूर्णका कार्की लगायत संस्थाका कर्मचारीहरूको उपस्थिती रहको थियो । उद्घाटन कार्यक्रम संस्थाका सहव्यवस्थापक रामप्रसाद ढकालले संचालन गरेका थिए ।

# सुन्दरीदेवी मावि आग्रालाई शिक्षक भलिबलको उपाधि



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको सहयोग तथा जनकल्याण माविको आयोजनामा भएको थाहा नगरस्तरीय अन्तर मावि भलिबल प्रतियोगितामा सुन्दरीदेबी मावि आग्रा विजयी भएको छ । प्रतियोगितामा स्वच्छन्द भैरव मावि चित्लाङलाई २५-१५, २५-१५ र २५-१७ को सोझो सेटमा पराजित गर्दै सुन्दरी देवी विजयी भएको हो । विजयी भएसंगै सुन्दरीदेवी माविले नगद २५ हजार, शिल्ड मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ ।

प्रतियोगितामा दोस्रो भएको स्वच्छन्द भैरव मावि चित्लाङले नगद १५ हजार, शिल्ड तथा प्रमाणपत्र पुरस्कार पाएको छ । आयोजक जनकल्याण मावि तृतीय भएको छ । जनकल्याणले नगद ५ हजार, शिल्ड तथा प्रमाणपत्र पुरस्कार पाएको छ । थाहानगरका १० वटा विद्यालयको सहभागिता रहेको प्रतियोगितामा सुन्दरीदेवीका प्रकाश बहादुर चन्द उत्कृष्ट खेलाडी र प्रताप गोले उत्कृष्ट सेटर घोषित भए भने आयोजक जनकल्याण माविका सानोभाइ कार्की बेस्ट स्पाइकर भएका थिए ।

थाहानगरको जनकल्याण माविको खेल मैदानमा २३ फागुनबाट शुरु भएको प्रतियोगिताका विजेता तथा उपविजनेता विद्यालयका खेलाडीहरूलाई थाहानगर खेलकुद विकास समितिका संयोजक तथा प्रमुख अतिथि राजेश केसीले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । जनकल्याण माविका शिक्षक मनोज रायमाझीको संयोजकत्वमा भएको प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम जनकल्याण मावि व्यवस्थापन समितिका अध्यक्ष राजीवकुमार स्याङ्तानको सभाध्यक्षतामा भएको थियो ।

# थाहानगरका १ हजार १५६ ले खोप लगाए

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरमा ६५ वर्ष उमेर समूहका १ हजार एकसय ५६ ज्येष्ठ नागरिकलाई कोभिड-१९ विरूद्धको खोप लगाइएको छ ।

नगरका विभिन्न पाँच खोप केन्द्रबाट उनीहरुलाई खोप लगाइएको स्वास्थ्य शाखाका मेघराज बलामीले जानकारी दिए । थाहा नगरपालिकाले ६५ वर्षमाथिका नागरिकहरूलाइ खोप लगाउँदा भौगोलिक हिसाबले सहजताको लागि ५ खोप केन्द्र स्थापना गरेको नगर खोप समन्वय समितिका संयोजक तथा नगर प्रमुख लवशेर विष्टले जानकारी दिए ।


व्यक्तिगत घटना दर्ता




जन्म, मृत्यु, विवाह, सम्बंध बिच्छेद, र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तब्य निभाऔं ।

गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
एम.आइ.एस. सेवा इकाइ,
थाहा नगरपालिका


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय, शिखरकोट

## मकवानपुर

भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा संचालन गर्नको लागी मालपोत नियमावली २०३६ नियम २३ क र २३ ख बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय सरकारले अनुमती लिनको लागि मिति २०७७।११।१२ देखि २०७७।१२।१२ सम्म https://public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भू-सेवाकेन्द्रको अनुमती किसिम र योग्यता तपशिल अनुसार हुनेछः**

**व्यक्तिको हकमा**

क) नेपाली नागरिक, १८ वर्ष उमेर पुरा भएको,
ख) कम्प्यूटर विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्त्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धि कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको,
ग) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको,
घ) सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको,
ङ) नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषि प्रमाणित नभएको ।

**रजिष्ट्रर्ड संस्थाको हकमा**

क) प्रचलित कानून बमोजिम सेवाप्रदायक संस्थाको रुपमा दर्ता भएको,
ख) संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै अठार वर्ष उमेर पुरा भएको,
ग) संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्यूटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तहवा सो सरह उत्त्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धि कम्तिमा ६ महिना तालिम प्राप्त गरेको,
घ) प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको,
ङ) कर चुक्ताको प्रमाणपत्र र भू-सेवा केन्द्रको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको ।

**स्थानीय तहको हकमा**

क) सेवा केन्द्र सञ्चालनको लागि जनशक्ति र पूर्वाधार भएको ।

**कानून/लेखापढी व्यवसायीको हकमा**

क) कानून व्यवसायी वा लेखापढी व्यवसायको प्रमाण-पत्र भएको,
ख) नेपाली नागरिक,
ग) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको,
घ) करचुक्ताको प्रमाण-पत्र भएको,
ङ) भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको ।

**साधारण प्रयोगकर्ताको हकमा**

क) प्रयोगकर्ताको नाममा जग्गा धनी दर्ता प्रमाण पूर्जा भएको,
ख) आफ्नो नाममा भएको जग्गाको कित्ता विवरणहरु भू-सूचना प्रणालीमा अद्यावधिक भएको, तर सूचना प्रणालीमा देखिएको विवरण र जग्गा धनी दर्ता श्रेस्तामा भई विवरण फरक परी जग्गा धनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्नेछ ।

**भू-सेवा केन्द्र सञ्चालनको लागिचाहिने पूर्वाधारः**

- कम्प्यूटर
- प्रिन्टर
- ब्याकअप सिस्टम,
- स्क्यानर,
- भू-सूचना प्रणालीसंग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाइस (Finger Print Device, Signature Device) र Internet Connectivity कम्तीमा 5/5 Mbps Dedicated Linee भएको,

**अनुमति प्रमाण पत्रको दस्तुर, अवधि तथा नवीकरण सम्बन्धि व्यवस्था**

१. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्न सम्बन्धित कार्यालयमा पाँच सय रुपैँया दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नविकरणका लागि एक सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ ।
२. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वतःनिस्कृय हुनेछ ।
१. भू-सेवा केन्द्र सम्बन्धि अनुमतीपत्र लिन देहाय बमोजिमको दस्तुर लाग्नेछः
क) व्यक्तिको हकमा तीन हजार रुपैँया
ख) संस्थाको हकमा पाँच हजार रुपैँया
उक्त दस्तुर यस कार्यालयको खाता नं. ००१०१००००००००१००१००१, राजश्व शिर्षक नं. १४२२९ कार्यालयको कोड नं. ३३६०१३२०२, नेपाल बैंक लि. पालुङको राजश्व खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।
२. भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थालेको.ले.नि.का.को ०२५१००००२००६००००01 (नेपाल बैंक लि.,पालुङको बैंक खातामा धरौटी बापत देहाय बमोजिम नगद रकम जम्मा गर्नुपर्नेछ । बैंक ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।
क) व्यक्तिको हकमा पचास हजार रुपैयाँ,
ख) संस्थाको हकमा दुई लाख रुपैयाँ,
३. स्थानिय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।
४. भू-सेवा केन्द्र सञ्चालनको अनूमतिपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

बैंक तथा वित्तिय संस्था, सहकारी, कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरुको धितोबन्धक/रोक्का र फुकुवा प्रयोजनका लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको भूमि सुधार तथा मालपोत कार्यालयमा अनलाईन निवेदन पेश गरी अनुमति प्राप्त गर्नुपर्नेछ र प्रधान कार्यालयले यसरी अनुमती प्राप्त गरेपछि आवश्यकता अनुसार वा आफ्ना शाखा कार्यालयहरुलाई युजर विवरण गर्न सक्नेछ ।

यस सूचनामा उल्लेख नभएका कुराहरु भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ बमोजिम हुनेछ ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी